# बगनासकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- ०७७/०७८
च.नं. :- ६५९

मिति :२०७७/०८/२८

श्री सामुदायिक विद्यालयहरू सवै,
बगनासकाली गाउँपालिका पाल्पा ।

विषय : विद्यार्थी दिवा खाजा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आ.ब. २०७७/०७८ मा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको प्राप्त कार्यक्रममा सामुदायिक विद्यालयमा प्रारम्भिक बालबिकाश देखि कक्षा ५ सम्म अध्ययनरत सबै बालवालिकाहरूका लागि प्रति विद्यार्थी दैनिक रू. १५ का दरले पठनपाठन भएका दिन ( बढिमा १८० दिन सम्म) को लागि सम्बन्धित विद्यालयद्धारा दिवा खाजा व्यवस्थापन गर्ने नितिगत व्यवस्था भएकोले सोको लागि यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरूलाई तपशिल अनुसार हुने गरि दिवाखाजाको व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

तपसिल

१) विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको उपस्थितीका आधारमा प्रति विद्यार्थी रू. १५ का दरले दिवा खाजा व्यवस्था गरि सोको सोधभर्ना गाउँपालिकामा माग गर्ने । यसरी माग गर्दाका कागजातहरू र हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षबाट प्रमाणित गराइ पठाउने ।

२) दिवाखाजा सुक्ष्म पोषक तत्व र बृहत पोषक तत्व आपुर्ति हुने र स्वस्थ्यकर स्वच्छ खाना हुनुपर्ने ।

२०७७/८/२९

नि. प्रमुख प्रशासकीय अधिकृत

३) विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको ४ देखि १० वर्ष उमेर समुहका बालबालिकाहरूलाई उपलब्ध हुनुपर्ने बृहत पोषण तत्व ( क्यालोरी, प्रोटिन र फ्याट ) र सुक्ष्म पोषण तत्व ( आयोडिन, आइरन, जिङ्क भिटामिन ए र वि) को मात्रा र दिवाखाजाबाट उपलब्ध हुनुपर्ने तपशिल अनुसारको मात्रालाई ख्याल गरी खाजा व्यवस्थापन गर्न सकिने।

**तपसिल**

| पोषक तत्व | दैनिक आवश्यक पोषक तत्वको मात्रा | दिवाखाजाबाट आपुर्ति हुनुपर्ने पोषक तत्वको मात्रा ३० प्रतिशत |
|---|---|---|
| **बृहतपोषक तत्व** | | |
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट( ग्राम) | ४८ | १४ |
| **सुक्ष्म पोषक तत्व** | | |
| आयोडिन ( माइक्रोग्राम) | १२० | ३६ |
| आइरन ( मिलि ग्राम ) | १७.५ | ५.४ |
| जिङ्क | ११.२ | ३.४ |
| भिटामिन ए. | ३३ | ११ |
| भिटामिन बि. | १२ | ४.१ |
| | | |

४. स्थानीय स्तरमा उत्पादन हुने कार्बोहाइड्रेक शक्ति दिने ( जस्तै चामल, गहु, मकै, कोदो, फापर, जौ, आलु, तरूल, सखरखण्ड) शारिरीक विकास गर्ने प्रोटिन युक्त ( भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु अण्डा) शक्ति दिने प्रतिरक्षात्मक हरिया सागपात, स्याउ, सुन्तला, जुनार, नासपाती, केरा) जस्ता खाद्यान्नको प्रयोगमा प्राथमिकता दिई विद्यालयमा दिवाखाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने।

५. वि.व्य.स.को निर्णय अनुसार खाजा खुवाउने व्यवस्था मिलाउने। यसको लागि खाजा व्यवस्थापन समिति अभिभावक आमा समुह मार्फत खाजा खुवाउने। स्थानीय स्तरबाट उत्पादन हुने खाधान्नबाट दिवा खाजाको व्यवस्था गर्दा आवश्यक मात्रा स्वच्छता र पोषक तत्वको सुनिश्चिततालाई ध्यान पुराउनु पर्ने र नियमित अनुगमनको व्यवस्था मिलाउने।

६. विद्यालय व्यवस्थापन समितिको भुमिका

मापदण्ड अनुसारको गुणस्तरीय खाजा उपलब्ध गराउने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको रहने हुदा वि.व्य.स.को भुमिका निम्नानुसार हुनेछ।

२०७७।८।२१

नि. प्रमुख प्रशासकीय अधिकृत

क) विद्यालय दिवा खाजा कार्यक्रमको कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।

ख) तोकिएको मापदण्ड अनुसारको मात्रा स्वच्छता र पोषण युक्त खाजा व्यवस्थापनको सुनिश्चीता गर्ने ।

ग) खाजा तयारी व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरूको संलग्ता र सहभागिता सुनिश्चित गर्ने र

घ) विद्यालय दिवा खाजाको अभिलेख राख्ने र राख्न लगाउने ।

ङ) पठनपाठनमा न्यून हुन नदिन खाजा तयारी र व्यवस्थापनमा शिक्षकहरूको सम्लग्नता सकभर हटाउने ।

च) स्थानीय कृषि उपजबाट दिवा खाजाको लागि आवश्यक खाध सामाग्री उपलब्ध हुने व्यवस्था मिलाउने

छ) खाजा व्यवस्थापनमा आइपर्ने समस्याहरूलाई समाधानका उपायहरू अवलम्बन गर्ने ।

ज) विद्यालय दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सन्दर्भमा अभिभावक आमा समुह र शिक्षक स्टाफ बिच समिक्षा छलफल प्रतिवेदन तयारी र बार्षिक मासिक, त्रैमासिक जस्ता कार्ययोजना निर्माण गर्ने गर्न लगाउने ।

७) न्युन विद्यार्थी ( बालविकास देखि कक्षा ५ सम्म ३० जना भन्दा कम) विद्यार्थी भई विद्यालयमा दिवा खाजा व्यवस्थापन गर्न कठिन भएमा दिवाखाजामा आवश्यक पर्ने मात्रा, स्वास्च्छता र पोषणयुक्तता हुनेगरी घरैबाट तयार गरी पठाउने व्यवस्था मिलाउने ) घरबाट ल्याउने खाजाको नियमित अनुगमन गर्ने व्यवस्था विद्यालयले गर्ने र सो बापत प्रति बिद्यार्थीलाई दिएको रकम विद्यालयले सम्बन्धित विद्यार्थीको अभिभावकलाई भर्पाइ गराइ उपलब्ध गराउने ।

८) जुनसुकै प्रकृयाबाट दिवा खाजाको व्यवस्थापन गरिए पनि विद्यालयमा चाउचाउ बिस्कुट लगायत प्याकेटमा आउने कुनै पनि किसिमका खाना दिवा खाजाको रूपमा प्रयोग गर्न पाइने छैन ।

९) विद्यालयले दिवा खाजाको रकम निकासा तथा सोधभर्ना माग गर्दा गाउँकार्यपालिकाले उपलब्ध गराएको फाराम अनुसार माग गर्ने ।

२०८०।८।२१

प्रमुख प्रशासकीय अधिकृत

(दिवाखाजाको रकम माग गर्ने फारामको नमुना)

श्री बगनासकाली गाउपालिका

गाउकार्यपालिकाको कार्यालय

चिर्तुङ्धारा पाल्पा ।

बिषय : दिवाखाजा कार्यक्रमको खर्च रकम निकासा गरि दिनु हुन ।

प्रस्तुत बिषयमा २०७७ साल ....... महिना देखि ........ महिना सम्मको यस बिद्यालयका प्रारम्भिक बालकक्षा देखि कक्षा ५ सम्मका बालवालिकाहरूलाई बिद्यालयले दिवाखाजा व्यवस्थापन गर्दा तपसिल अनुसारको खर्च भएको रकम रू ................................ यस बिद्यालयको खाता नं .................................. मा निकासा गराई दिनु हुन बिद्यार्थीहरूको हाजिरी प्रमाणित लगायतका आवश्यक कागजात सहित पेश गरेको व्यहोरा अनुरोध छ ।

तपसिल :

| सि.न. | कक्षा | विद्यार्थीको नाम | हाजिरी विवरण ( दिन सख्यामा ) | | | | | रकम दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ....... महिना | ....... महिना | ....... महिना | ....... महिना | जम्मा हाजिरी दिन | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बि.व्या.स. अध्यक्षको दस्तखत

प्रधानाध्यापकको दस्तखत

( उल्लेखित महिनाको बिद्यार्थी हाजिरी रजिष्ट्रको प्रमाणित प्रतिलिपि यसै साथ सम्लग्न छ । )

विद्यालयको छाप :